'ओपन माईक नेपाल' बुलेटिनको आठौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको  हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# हल्ला

## चौतारा, सिन्धुपाल्चोक

"भदौ १२ गते बैशाख १२ गतेको भन्दा पनि ठूलो भूकम्प जान्छ भन्छन्।"



## मालु, दोलखा

"बिभिन्न रेडियो टेलिभिजनमा भदौ भित्रमा बैशाख १२ गतेको भन्दा पनि शक्तिशाली भुकम्प जान्छ रे भन्ने खबर सुनिन्छ। गाउँतिर अब बाँचिन्न भन्ने खालका कुरा सुनिन्छ। के हो, केहि जानिएन। कसको विश्वास गर्ने होला ?"

# यथार्थ

भूकम्प कहिले जान्छ भनेर पुर्वानुमान गर्न सकिँदैन। भूगर्भविद्हरूले भूकम्प जानसक्ने सम्भावनाको बारेमा अध्ययन गर्न सक्छन् तर भूकम्पको भविश्यवाणी गर्न सक्दैनन्।

कसैले ठ्याक्कै यहि दिन वा समयमा भूकम्प आउँछ भन्छ भने, यो गलत कुरा हो। यस्तो कुरा पत्याउनु हुन्न।

नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक हो। त्यसैले, कुनैपनि संरचना निर्माण गर्दा हामीले पर्याप्त सावधानी अपनाउनु पर्छ।

ठूलो भूकम्प पछि पराकम्पनहरू जानु सामान्य हो। यस्ता पराकम्पन कतिबेला जान्छन् भन्ने अनुमान गर्न सकिँदैन। कुनै पराकम्पन ठूला र कुनै साना हुन्छन्।

पराकम्पनले भूकम्पले कमजोर बनाएका संरचना थप कमजोर बनाउन र भत्काउन पनि सक्ने हुनाले घर फर्कनु अघि प्राविधिक बाट घर सरक्षित भए वा नभएको जाँच गराउनु होस्।

सुवेश घिमिरे
भूगर्भ शास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
९८४९५९४८९६

# सवाल



## बारपाक, गोरखा

"स्थानीयलाई घर बनाउने मापदण्ड सम्बन्धी अन्योल छ। कसैले के भन्छन्, कसैले के भन्छन्। घर बनाउन थाल्ने भनेको, कस्तो बनाउने हो नै थाहा छैन ?"

## बेलकोट, नुवाकोट

"अब त घर बनाउन पनि नक्सा पास गर्नुपर्ने रे। भूकम्पबाट प्रभावितसँग नक्सा पासको नाममा शुल्क लिएर अझै पिडित त बनाउन खोजेको होइन ?"

# जवाफ

घर बनाउनुअघि निर्माण हुने घरको नक्सा गाबिस वा नगरपालिकाबाट स्वीकृत गराउनु पर्छ।

बैशाख १२ गतेको भूकम्प जानुअघि पनि नक्सा पास गर्नुपर्ने व्यवस्था थियो तर यो व्यवस्था सबैतिर समान रुपमा कार्यान्वयन भएको थिएन।

सरकारले मुलुकभर लागु हुनेगरी भर्खरै नयाँ भवन संहिता जारी गरेको छ। यहि भवन संहिताका आधारमा गाबिस र नगरपालिकाले भाद्र महिना भित्रमा गाउँ र नगर परिषद् बैठकबाट नक्सापासको कार्यविधि पारित गर्नुपर्छ।

सरकारले भूकम्प प्रतिरोधी घरको नमुना तयार गरिरहेको छ। हालसम्म यस्ता कहि नमुना तयार भइसकेका छन्। केहि दिन भित्रमा सबै नमुना सार्वजनिक हुँदैछन्।

भूकम्प प्रतिरोधी घर निर्माणको निर्धारित मापदण्ड र प्रविधिको पालना हुने गरी घरको डिजाइनमा सामान्य परिवर्तन गर्न भने सकिनेछ।

नक्सापास गर्दा स्थानीय निकायले शुल्क लिने गरेका छन्। नक्सापासको शुल्क गाबिस र नगरपरिषद्ले निर्धारण गर्ने हुनाले गाबिस र नगरपालिका पिच्छे यो शुल्क फरक पर्नसक्छ।

नक्सापासको कार्यविधिका बारेमा गाबिस सचिव वा नगरपालिकाका कार्यकारी अधिकृतसँग सम्पर्क राख्नुहोस्।

पदमकुमार मैनाली
प्रवक्ता
शहरी बिकास मन्त्रालय
०१-४२११९६९, ९८५१००५११९

# सवाल



## लापु र आरुअर्वाङ्, गोरखा

“यी गाबिसमा १७ देखी २० वर्ष उमेरका ६ जना किशोरीहरुलाई राम्रो काम लगाइदिने प्रलोभन देखाएर बनारस पुऱ्याइयो।”

## काब्रे, दोलखा

“अहिले भूकम्प पिडित वालवालिकाका तथा महिलाहरुलाई पढाईदिने रोजगारी दिने भनेर बिभिन्न दलालहरु गाउँ गाउँ आईरहेका छन्। कति ठाँउमा लाने भन्छन्। त्यसैले डर लागिरहेको छ कतै हाम्रा बाल बच्चालाई पनि झुक्काएर लाने हो कि ?”

# जवाफ

सामान्यतयाः ठूला विपती पछि मानव बेचविखनमा सक्रिय व्यक्तिहरुले महिला र वालवालिकाको ओसार पसार गर्ने प्रयास गर्छन्। अभिभावक गुमाएका वालवालिका तथा सन्तान गुमाएका महिलाहरु बेचविखनको बढि जोखिममा हुन्छन्।

तपाईँले यस्ता कुनै पनि शंकास्पद गतिविधि थाहा पाउनु भएमा तत्काल प्रहरीलाई खवर गर्नुहोस्।

मानव बेचविखन विरुद्ध काम गर्ने शक्ति समुह, माइती नेपाल र पौरखी जस्ता गैर सरकारी संस्थाहरुले महिला र वालवालिकालाई बेचिनबाट जोगाउका लागि काम गरिरहेका छन्। शक्ति समूहले भूकम्प अति प्रभावित १४ जिल्लाका मुख्य चेकप्वाइन्टहरुमा सूचना डेस्क स्थापना गरेको छ। यहाँबाट सुरक्षित आप्रवासन सम्बन्धी जानकारी लिन सकिन्छ।

**बेलबहादुर पाण्डे**
प्रहरी नायव उपरिक्षक
जिल्ला प्रहरी कार्यालय, दोलखा
९८५१०००७३०

**सिता अधिकारी**
वाल बिकास अधिकृत
गोरखा
९८४१३३१७१०

**चरिमायाँ तामाङ**
परियोजना संयोजक
शक्ति समुह
९८४१०९४७५६

# सवाल



## चिलिमे, रसुवा

"मानिसहरूमा पिसाव पोल्ने लगायतका स्वास्थ्य समस्या देखिएको छ।"

# जवाफ

पिसाव फेर्दा पोल्ने र दुख्ने जस्ता समस्या विभिन्न कारणले हुनसक्छ।

मृगौला, पिसाव थैली, मृगौला र पिसाव थैली जोड्ने नली र पिसाव थैलीबाट पिसाव बाहिर लाने नली सुन्नीएमा वा यी अङ्गमा अन्य समस्या भएमा पिसाव फेर्दा पिडा हुनसक्छ।

प्रसस्त पानी पिउने, समय समयमा पिसाव फेर्ने, पिसाव गर्दा निखारेर गर्ने, पिसाव फेरेपछि गुप्ताङ्ग सफा गर्ने, महिलाहरूले यौन सम्पर्क पछि पिसाव गर्ने जस्ता उपाय गरेमा यस्तो पिसाव बग्ने अङ्गको संक्रमणबाट बच्न सकिन्छ।

गर्भवती, प्रजनन स्वास्थ्यमा समस्या भएका  र महिनावारी रोकिएका महिलालाई पनि पिसाव फेर्दा पोल्ने समस्या हुनसक्छ।

मधुमेह तथा मेरुदण्डको समस्या भएका व्यक्तिमा पनि पिसाव पोल्ने समस्या देखिन सक्छ। शारिरिक सम्पर्कबाट सर्ने रोगले पनि यस्तो हुनसक्छ।

संयुक्त राष्ट्रसंघ जनसंख्या कोषले भूकम्प अति प्रभावित १४ जिल्लामा विस्तृत प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिरहेको छ।

पिसाव फेर्न असजिलो भएमा स्वास्थ्यकर्मीको परामर्शमा उपचार गराउनु होस्।

**कृष्ण बजगाई**
रसुवा सम्पर्क व्यक्ति
सेभ द चिल्ड्रेन
९८५१००७७६६७

**सन्तोष क्षेत्री**
सञ्चार अधिकृत
संयुक्त राष्ट्रसंघ जनसंख्या कोष
९८५१००७७७१८

# सवाल



## लेले, ललितपुर

“लेले उपत्यकाभन्दा बाहिर भएका कारण सरकारले १५ लाख दिने कि २५ लाख भन्ने अन्योल छ।”

## काभ्रे, काभ्रेपलाञ्चोक

“सरकारल २% व्याजदरमा ऋण दिने कुरा त आयो तर यो भनाइ मात्र होला जस्तो छ। यस विषयमा अहिलेसम्म कुनै प्रकृया अगाडि बढाउन सकेको छैन सरकारले, अनि कसरी हुन्छ त ?”

# जवाफ

नेपाल राष्ट्र बैंकका अनुसार २ प्रशितको सहुलियतपूर्ण रु.२५ लाखसम्मको ऋण काठमाडौ, भक्तपूर र ललितपूर जिल्लाका महानगरपालिका, उपमहानरपालिका र नगरपालिका क्षेत्रमा बसोबास गर्ने परिवारले मात्र पाउनसक्छन्।

बैंक तथा वितीय संस्थाहरुले राष्ट्र बैंकले गरेको उपत्यकाको परिभाषा प्रयोग गर्नुपर्छ। ललितपूरको लेले गाबिस भएको कारणले यहाँका भूकम्प पिडितले बढिमा रु. १५ लाखसम्मको सहुलियतपूर्ण ऋण पाउन सक्छन्।

भूकम्प पिडित परिवारले ठ्याक्कै कति ऋण पाउने भन्ने कुरा परिवारको ऋण तिर्नसक्ने क्षमता तथा बैंक तथा बितीय संस्थाहरुले निर्धारण गर्ने मापदण्डमा भर पर्छ।

बैंक तथा वितीय संस्थाहरुले राष्ट्र बैंकले जारी गरेको निर्देशिका अनुसार सहुलियतपूर्ण ऋण उपलब्ध गराउने कार्यविधि बनाउँदै छन्। नजिकको बैंक वा वितीय संस्थामा सम्पर्क गरेर यस बारेमा थप जानकारी लिन सक्नुहुन्छ।

त्रिलोचन पङ्गेनी
प्रवक्ता, नेपाल राष्ट्र बैंक
०१-४४१९८०५
९८५११००२६८

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयंसेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। साउन २८ देखि भाद्र ३ गतेसम्म स्वयंसेवकहरूले १० जिल्लाका करिब ४५० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab    Local Interventions Group global perspectives • local innovations    Internews